# अनररी कन्सल सम्बन्धी नियमावली, २०३९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३९।९।१२

संशोधन

| | |
|---|---|
| १. अवैतनिक वाणिज्यदूत सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६१ | २०६१।११।१७ |
| २. अवैतनिक वाणिज्यदूत सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०६९ | २०६९।०९।२३ |
| ३. अवैतनिक वाणिज्यदूत सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७१ | २०७१।०५।३० |
| ४. अवैतनिक वाणिज्यदूत सम्बन्धी (चौथो संशोधन) नियमावली, २०७४ | २०७४।०१।१८ |
| ५. अवैतनिक वाणिज्यदूत सम्बन्धी (पाँचौ संशोधन) नियमावली, २०७५ | २०७५।०७।१२ |
| ६. अवैतनिक वाणिज्यदूत सम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८२ | २०८२।०३।२६ |

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अनररी कन्सल सम्बन्धी नियमावली, २०३९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,–

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको परराष्ट्र मन्त्रालय सम्झनु पर्छ।

(ख) "मन्त्री" भन्नाले ≡............ परराष्ट्र मन्त्री सम्झनु पर्छ।

✡(ग) "राजदूत" भन्नाले विदेश स्थित नेपाली राजदूतावासको प्रमुखका रुपमा काम गर्ने राजदुत वा राजदूतावास नरहेको मुलुकको लागि सहप्रमाणीकृत गैरआवासीय राजदूत सम्झनु पर्छ र सो शव्दले राजदूतको पद रिक्त भएमा

---

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

✡ चौथो संशोधनद्वारा संशोधित।

कार्यवाहक राजदूतको रुपमा काम गर्ने कुटनीतिक अधिकृतलाई समेत जनाउँछ।

[¥](घ) "कन्सुलर क्षेत्र" भन्नाले कन्सुलर सम्बन्धी काम गर्नको लागि अनररी कन्सललाई तोकेको क्षेत्र सम्झनु पर्छ।

[β](ङ) "अनररी कन्सल" भन्नाले कुनै किसिमको पारिश्रमिक नपाउने गरी नियुक्ति हुने अनररी कन्सल जनरल वा अनररी कन्सल सम्झनु पर्छ।

(च) "नियुक्तिपत्र" भन्नाले कुनै राष्ट्रका [¥]सम्बन्धित पदाधिकारीले कुनै व्यक्तिलाई अनररी कन्सल भई काम गर्न दिएको पत्र (लेटर अफ कमिशन) लाई सम्झनु पर्छ।

[¥](छ) "स्वीकृतिपत्र" भन्नाले अनररी कन्सललाई आतिथेय राज्यको सम्बन्धित पदाधिकारीबाट अनररी कन्सलका रुपमा मान्यता दिएको पत्र (एक्जिक्वेटर) सम्झनु पर्छ।

(ज) "महासन्धि" भन्नाले १९६३ मा भियनामा बसेको संयुक्त राष्ट्रसंघको [¥]कन्सुलर सम्बन्धी सम्मेलनले पारित गरेको महासन्धि (भियना कन्भेन्सन अफ कन्सुलर रिलेशन्स, १९६३) सम्झनु पर्छ।

[❀](झ) "आतिथेय राज्य" भन्नाले यस नियमावली बमोजिम नियुक्ति भएको अनररी कन्सललाई स्वीकृति प्रदान गर्ने मुलुक (रिसिभिङ्ग स्टेट) सम्झनु पर्छ।

## परिच्छेद-२

## नियुक्ति

[β]३. **अनररी कन्सलको नियुक्ति र कार्यक्षेत्रः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले नियम ३क. को उपनियम (१) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई निश्चित कन्सुलर क्षेत्र तोकी अनररी कन्सल नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनररी कन्सल नियुक्तिको लागि सम्बन्धित राजदूतको सिफारिसमा मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नु पर्नेछ।

---

¥ चौथो संशोधनद्वारा संशोधित।

β छैटौं संशोधनद्वारा संशोधित।

❀ पाँचौ संशोधनद्वारा संशोधित।

(३) सम्बन्धित राजदूतको सिफारिसमा मन्त्रालयले अनररी कन्सलको कन्सुलर क्षेत्र थपघट गर्न सक्नेछ।

•३क. **अनररी कन्सलको योग्यता**: (१) नियम ३ बमोजिम अनररी कन्सलमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछः–

(क) ❀पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशामा संलग्न रही आतिथेय राज्यमा ख्याति प्राप्त व्यक्तिको हैसियत भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) नेपालप्रति सद्भाव भएको,

β(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै मुलुकको तर्फबाट अनररी कन्सलको रुपमा कम्तीमा एक कार्यावधि काम गरेको,

(च) नेपालको विदेश नीति, राजनीतिक व्यवस्था, आर्थिक तथा सांस्कृतिक पक्षहरुबारे यथेष्ट जानकारी भएको र नेपाल सरकारको आर्थिक कूटनीतिको कार्यान्वयनमा योगदान दिन सक्ने,

(छ) द्विपक्षीय सम्बन्ध लगायत नेपालको राष्ट्रिय हित प्रवर्द्धनमा योगदान पुऱ्याउन सक्ने,

(ज) आतिथेय राज्यको सरकार, स्थानीय निकायहरु तथा स्थानीय व्यापारिक समुदायसँग राम्रो सम्पर्क स्थापित भएको तथा नेपालको पक्षमा समर्थन जुटाउन सक्ने क्षमता भएको,

β(झ) सम्बन्धित कन्सुलर क्षेत्रमा कम्तीमा दश वर्षदेखि स्थायी बसोबास गरेको, आफ्नै खर्चमा कार्यालय स्थापना र सञ्चालन गर्न सक्ने र नियम ७ बमोजिमको कार्यावधिभर सोही कन्सुलर क्षेत्रमा रहने स्वःघोषणा गरेको,

Σ(ञ) ……………………,

(ट) नेपाली समुदायसँग राम्रो सम्बन्ध भएको,

---

• तेस्रो संशोधनद्वारा संशोधित।

❀ पाँचौ संशोधनद्वारा संशोधित।

β छैटौं संशोधनद्वारा संशोधित।

Σ छैटौं संशोधनद्वारा झिकिएको।

[±](ट१) अङ्ग्रेजी भाषा र कन्सुलर क्षेत्रको स्थानीय भाषाको राम्रो ज्ञान भएको,

(ठ) नेपाल सरकारको दृष्टिमा उपयुक्त ठहरिएको।

(२) यस नियमावली बमोजिम मित्रराष्ट्रहरुमा नेपालको लागि अनररी कन्सल नियुक्ति गर्नका लागि सिफारिस भएको व्यक्तिको सम्बन्धमा मन्त्रालयले नेपाल सरकारका सम्बन्धित निकायबाट सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) माग गर्नु पूर्व मन्त्रालयले सिफारिस भएको व्यक्तिबाट कन्सुलर उन्मुक्ति तथा सुविधाको दुरुपयोग हुने सम्भावना छ, छैन सो सम्बन्धमा समेत विचार गर्नु पर्नेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिम अनररी कन्सलमा नियुक्तिको लागि सिफारिस गर्दा व्यापार, व्यवसाय, पर्यटन, लगानी तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहयोग पुऱ्याउन सक्ने, उच्चस्तरीय भ्रमण गराउन प्रयास गर्न सक्ने तथा नेपाल एवं सम्बन्धित मित्रराष्ट्र बीचको सम्बन्धलाई सुदृढ बनाउन आफ्नो क्षेत्रबाट योगदान पुर्याउन सक्ने व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ।

[β]४. **अयोग्यता:** (१) आतिथेय राज्यको नागरिक बाहेक अन्य मुलुकको नागरिकलाई अनररी कन्सल नियुक्त गरिने छैन।

तर सम्बन्धित कन्सुलर क्षेत्रमा ख्यातिप्राप्त देहायको कुनै व्यक्तिलाई अनररी कन्सल नियुक्त गर्न बाधा पर्ने छैन:-

(क) नेपालसँग दौत्य सम्बन्ध कायम भएको मुलुकको नागरिकमध्ये कुनै मुलुकको अनररी कन्सलको रुपमा काम गरिसकेको व्यक्ति,

(ख) नेपाली मूलको विदेशी नागरिक,

(ग) कम्तीमा दस वर्षदेखि कन्सुलर क्षेत्रमा स्थायी बसोबास गरेको गैर आवासीय नेपाली।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिलाई अनररी कन्सल नियुक्त गर्न सकिने छैन:-

(क) नेपाल सरकारविरुद्ध मुद्दा दर्ता गरेको,

± छैटौं संशोधनद्वारा थप।

β छैटौं संशोधनद्वारा संशोधित।

(ख) शरणार्थी सम्बन्धी प्रक्रिया मार्फत सम्बन्धित देशको नागरिकता वा बसोबास अनुमतिपत्र प्राप्त गरेको,

(ग) नेपाल सरकारको नीति विपरीत वा नेपाली नागरिक वा विदेशमा रहेका नेपाली समुदायको एकता, सहिष्णुता वा सद्भावको प्रतिकूल हुने कुनै काम गरेको,

(घ) कुनै मुलुकको अदालतबाट भ्रष्टाचार, नैतिक पतन देखिने फौजदारी अपराध वा सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा कसुरदार ठहरिएको।

५. **कार्यविधि**: अनररी कन्सलहरूको नियुक्ति महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ९, १०, ११, १२, १३ र १४ मा उल्लेखित कार्यविधि अनुसार गर्नु पर्नेछ।

[Ɏ]६. **नियुक्तिपत्र**: (१) नियम ३ बमोजिम नियुक्त भएको अनररी कन्सललाई मन्त्री वा निजले तोकेको मन्त्रालयको अधिकृतस्तरको कर्मचारीले नियुक्तिपत्र (लेटर अफ कमिशन) दिनेछ।

(२) उपनियम (१) बमोजिम नियुक्तिपत्र प्राप्त नगरी कसैले पनि अवैतनिक बाणिज्यदूतको रुपमा काम गर्न पाउने छैन।

[β]७. **कार्यावधि र पद रिक्त हुने अवस्था**: (१) अनररी कन्सलको कार्यावधि चार वर्षको हुनेछ।

(२) उपनियम (१) बमोजिमको कार्यावधि समाप्त भएपछि थप अवधि अनररी कन्सलको रूपमा काम गर्न चाहने अनररी कन्सलले त्यस्तो कार्यावधि समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अघि आफूले सम्पादन गरेका प्रमुख कार्यको विवरण संलग्न गरी सम्बन्धित राजदूत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन समेतको आधारमा मूल्याङ्कन गर्दा सम्बन्धित अनररी कन्सलले उत्कृष्ट कार्य सम्पादन गरेको देखिएमा सम्बन्धित राजदूतले त्यस्तो अनररी कन्सलको कार्यावधि थप गर्न मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको सिफारिसका सम्बन्धमा जाँचबुझ गर्दा अनररी कन्सलको कार्यावधि थप गर्न उपयुक्त देखिएमा उपनियम (१) को अधीनमा रही आवश्यकता अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्ले थप गर्न सक्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनररी कन्सलको कार्य सम्पादनको स्तर सन्तोषजनक नदेखिएमा वा निजले नेपाल राज्य वा नेपाल सरकार

---

Ɏ चौथो संशोधनद्वारा संशोधित।

β छैटौं संशोधनद्वारा संशोधित।

विरुद्ध हुने गरी कुनै टिप्पणी गरेमा वा प्रतिक्रिया दिएमा सम्बन्धित राजदूतले त्यस्तो अनररी कन्सललाई पदबाट हटाउनको लागि जुनसुकै बखत मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमको सिफारिसको सम्बन्धमा जाँचबुझ गर्दा अनररी कन्सललाई पदबाट हटाउन उपयुक्त देखिएमा मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद्मा सो सम्बन्धी प्रस्ताव पेश गर्नेछ।

(८) नेपाल सरकार, मन्त्रिपरिषद्ले अनररी कन्सललाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(९) देहायको अवस्थामा अनररी कन्सलको पद स्वतः रिक्त हुनेछ :-

(क) झुट्टा वा गलत विवरण पेस गरी अनररी कन्सल नियुक्त भएको पुष्टि भएमा,

(ख) आतिथेय राज्यले निजका विरूद्ध अदालतमा कुनै फौजदारी मुद्दा दर्ता गरेको पुष्टि भएमा,

(ग) नियम ४ बमोजिमको कुनै अयोग्यता रहेको पुष्टि भएमा,

(घ) निजले आफ्नो पदबाट सम्बन्धित राजदूत समक्ष राजीनामा दिएमा,

(ङ) निजको मृत्यु भएमा।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनररी कन्सुलेट अवस्थित शहरमा नेपाल सरकारले आवासीय कूटनीतिक नियोग स्थापना गरेमा उक्त शहरमा रहेको अनररी कन्सल स्वतः पदमुक्त हुनेछ।

८. [fi]..........

९. <u>सेवाका शर्तहरू</u>: (१) अनररी कन्सल नियुक्त भएपछि राजदूतले नवनियुक्त अनररी कन्सललाई निजको कर्तव्य र उत्तरदायित्वबारे पूर्णरूपले बोध गराईदिनु पर्नेछ।

(२) नवनियुक्त अनररी कन्सलबाट आफ्नो पद नसुहाउँदो र नेपाल [≡]........... को अहित हुने कुनै काम गर्ने छैन भन्ने व्यहोराको लिखत गराइ सो लिखत राजदूतले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लिखत गराइसकेपछि मात्र राजदूतले नवनियुक्त अनररी कन्सललाई नियुक्तिपत्र, राष्ट्रिय झण्डा र कार्यालयको छाप प्रदान गर्नेछ।

---

[fi] पहिलो संशोधनद्वारा खारेज।

[≡] दोस्रो संशोधनद्वारा झिकिएको।

≥(३क) अनररी कन्सलले आफू नियुक्ति भएको कन्सुलर क्षेत्रको उपयुक्त स्थानमा आतिथेय राज्यको स्वीकृति लिई नेपाल ≡.......... को अनररी कन्सलको कार्यालय खडा गरी सोको जानकारी राजदूत तथा मन्त्रालयलाई दिनु पर्नेछ र त्यस्तो कार्यालय भवनमा निजले नेपालको झण्डा प्रयोग गर्न सक्नेछ।

(४) अनररी कन्सलको कार्यावधि समाप्त भएपछि निजले राष्ट्रिय झण्डा र कार्यालयको छाप राजदूतलाई फिर्ता गर्नु पर्नेछ।

¢(५) अनररी कन्सलको सुविधा, सहुलियत वा उन्मुक्ति नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## काम, कर्तव्य, जिम्मेवारी र मूल्याङ्कन

१०. **अनररी कन्सलको काम, कर्तव्य र जिम्मेवारी**: β(१) अनररी कन्सलको काम, कर्तव्य र जिम्मेवारी महासन्धिको प्रथम अध्यायको प्रथम खण्डको धारा ५ र मन्त्रालयले तोकिदिएको कार्यक्षेत्रगत सर्त (टर्म्स अफ रिफरेन्स) बमोजिम हुनेछ।

≥(१क) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी अनररी कन्सलले आतिथेय राज्यको कानूनको अधीनमा रही देहायका काम गर्नु पर्नेछः–

(क) नेपाल ≡........... र आतिथेय राज्य बीच द्विपक्षीय व्यापार प्रवर्द्धन गर्न वस्तु व्यापारका नयाँ क्षेत्रको पहिचान गरी मन्त्रालय र सरकारी तथा गैर सरकारी क्षेत्रका सम्बद्ध निकायलाई जानकारी गराउने,

(ख) नेपाल ≡.......... भित्र प्रत्यक्ष वैदेशिक लगानी गराउन वा बढाउन आवश्यक काम गर्ने,

(ग) आतिथेय राज्यभित्र वैदेशिक रोजगारका अवसर भए सोको पहिचान गरी मन्त्रालयलाई जानकारी गराउने र नेपाल ≡......... को जनशक्तिलाई आतिथेय राज्यमा रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने,

---

≥ पहिलो संशोधनद्वारा थप।

¢ चौथो संशोधनद्वारा थप।

β छैटौं संशोधनद्वारा संशोधित।

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

(घ) आतिथेय राज्य वा अन्य मुलुकका नागरिकलाई नेपाल भ्रमण गर्न प्रोत्साहन गरी नेपालको पर्यटन विकासलाई प्रवर्द्धन गर्ने,

(ङ) आतिथेय राज्यमा अति कम विकसित वा विकासोन्मुख मुलुकको सम्बन्धमा कुनै वस्तुको सहुलियतपूर्ण प्रवेशको व्यवस्था भए त्यस्तो प्रवेश नेपाली वस्तुको हकमा लागू गर्न वा सोको परिमाण बढाउन आतिथेय राज्यसँग पहल गर्न राजदूतलाई अद्यावधिक रूपमा परामर्श दिने,

±(ङ१) राजदूतसँगको समन्वयमा नेपाली वस्तु वा सेवाको निकासी लगायतका नेपालको आर्थिक हित प्रवर्धनका कार्य गर्ने,

±(ङ२) राजदूतले लिखित रुपमा तोके बमोजिमका कन्सुलर कार्य गर्ने र सो सम्बन्धमा राजदूतलाई सहयोग गर्ने,

±(ङ३) कन्सुलर क्षेत्रका नेपाली समुदायसँग समन्वय गरी नेपालको हित प्रवर्धनका कार्य गर्ने,

(च) नेपाल ≡.......... र आतिथेय राज्यबीच आर्थिक, व्यापारिक, सांस्कृतिक तथा वैज्ञानिक सम्बन्ध तथा सहयोगको अभिवृद्धिका लागि गर्नुपर्ने कारबाहीको बारेमा राजदूतलाई जानकारी गराइ सो सम्बन्धमा आवश्यक परामर्श दिने,

(छ) आतिथेय राज्यमा रहेका गैर आवासीय नेपाली तथा तिनीहरुको कुनै प्रतिनिधि संस्था भए त्यस्तो संस्थासँग नियमित सम्पर्कमा रही नेपालको सामाजिक तथा आर्थिक विकासमा निजहरुलाई संलग्न गराउन आवश्यक पहल गर्ने,

(ज) नेपाल ≡............ मा रहेका निजी क्षेत्रका उद्योग, वाणिज्य वा पर्यटन क्षेत्रका प्रतिनिधि संस्था र आतिथेय राज्यका त्यस्ता संस्था बीच सम्पर्क बिन्दूको रूपमा काम गर्ने,

---

± छैटौं संशोधनद्वारा थप।

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

(झ) आतिथेय राज्यमा उपलब्ध कुनै क्षेत्रको अत्याधुनिक प्रविधि नेपाल भित्र्याउन आवश्यक भएमा सो सम्बन्धमा राजदूतसँग परामर्श गरी आवश्यक पहल गर्ने,

(ञ) नेपाल ≡.......... र आतिथेय राज्यबीच आर्थिक, वाणिज्य, सांस्कृतिक वा विज्ञान तथा प्रविधिको क्षेत्रमा आपसी सहयोग बढाउन नेपाल सरकारले तोकेको अन्य कुनै काम गर्ने।

√(२) अनररी कन्सलले नेपाल ≡......... को परराष्ट्र, आर्थिक, वाणिज्य, औद्योगिक, पर्यटन, वैदेशिक रोजगार तथा वैदेशिक लगानी सम्बन्धी नीतिको अध्ययन गरी सोको जानकारी आतिथेय राज्यमा सरोकार राख्ने व्यक्ति वा संस्थालाई गराउनु पर्नेछ।

≥(२क) अनररी कन्सलले उपनियम (२) को प्रयोजनका लागि आतिथेय राज्यका व्यापार, वैदेशिक रोजगारदाता तथा गैर आवासीय नेपाली तथा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरुसँग आवश्यकता अनुसार छलफल, भेटघाट र परामर्श बैठक गर्न सक्नेछ।

(३) आफू नियुक्त भएको कन्सुलर क्षेत्र वा त्यसक्षेत्र रहेको जिल्ला वा त्यस क्षेत्र रहेको प्रदेश वा त्यस क्षेत्र रहेको राष्ट्र र नेपाल ≡......... बीच व्यापार प्रवर्द्धन गर्न राजदूतसँग सरसल्लाह गरी आवश्यक कार्य गर्नु अनररी कन्सलको विशेष कर्तव्य हुनेछ।

तर राजदूतको पूर्व स्वीकृति नलिईकन आफू नियुक्त भएको राष्ट्रको सम्बन्धित पक्षसँग व्यापार प्रवर्द्धन विषयमा कुराकानी शुरु गर्न पाउने छैन।

(४) उपनियम (३) बमोजिमको विषयमा भएको प्रगति प्रतिवेदन अनररी कन्सलले प्रत्येक तीन महिनामा राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले पनि आफूले प्राप्त गरेको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

√(५) अनररी कन्सलले नेपाल ≡.......... भ्रमण गर्न चाहने विदेशीलाई नेपाल सरकारले समय समयमा तोकेको भिसा दस्तुर लिई पर्यटक भिसा प्रदान गर्न सक्नेछ।

---

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

√ पहिलो संशोधनद्वारा संशोधित।

≥ पहिलो संशोधनद्वारा थप।

√ पहिलो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग

तर कन्सुलर क्षेत्र रहेका मुलुकका पूर्व राष्ट्राध्यक्ष, पूर्व सरकार प्रमुख, पूर्व परराष्ट्र मन्त्री, ख्याति प्राप्त तथा प्रतिष्ठित व्यक्ति वा पूर्व अनररी कन्सललाई मन्त्रालय वा राजदूतको पूर्व स्वीकृति लिई निःशुल्क (ग्र्याटिस) भिसा प्रदान गर्न सक्नेछ।

(६) अनररी कन्सलले भिसा प्रदान गर्दा प्राप्त भएको राजश्वको फाँटवारी प्रत्येक महिनाको अन्त्यमा राजदूतलाई पठाउनु पर्नेछ।

√(७) अनररी कन्सलले उपनियम (६) बमोजिम प्राप्त हुन आउने रकममा सेवा शुल्क बापत बीस प्रतिशत थप रकम लिन सक्नेछ र त्यसरी प्राप्त गरेको थप रकम निजले कार्यालय सञ्चालन, व्यापार तथा पर्यटन प्रवर्धनात्मक कार्यमा समेत खर्च गर्न सक्नेछ।

≥(७क) अनररी कन्सलले उपनियम (६) बमोजिम प्राप्त हुने रकम प्रत्येक तीन महिनामा राजदूतलाई बुझाउनु पर्नेछ र राजदूतले त्यसरी प्राप्त भएको रकम आफू वहाल रहेको राजदूतावासको राजश्व खातामा आम्दानी बाँधी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

±(७ख) उपनियम (७) बमोजिम प्राप्त हुने सेवा शुल्कको आम्दानी र खर्चको मासिक विवरण अनररी कन्सलले उपनियम (६) बमोजिमको फाँटवारीको साथमा संलग्न गरी राजदूतलाई पठाउनु पर्नेछ।

(८) नेपाल ≡.......... बाट भ्रमणमा आएका विशिष्ट व्यक्तिहरूलाई राजदूतको निर्देशानुसार अनररी कन्सलले हरसम्भव सबै किसिमको मद्दत, सुहाउँदो सम्मान र आवश्यक सहयोग दिनु पर्नेछ।

(९) अनररी कन्सलको हैसियतले विभिन्न व्यक्तिहरूसँग औपचारिक भेटघाट वा शिष्टाचार भेटको बखतमा भएको कुराकानीको प्रतिवेदन तयार पारी निजले राजदूतलाई पठाउनु पर्नेछ र राजदूतले यस्तो प्रतिवेदन मन्त्रालयमा पठाउनेछ।

√**११. <u>अनररी कन्सलको कार्य सम्पादन मूल्याङ्कन</u>**: (१) राजदूतले प्रत्येक आर्थिक वर्षको पहिलो तीन महिनाभित्र अनररी कन्सलको कार्य सम्पादनको स्तर मूल्यांकन गरी β<u>मन्त्रालयमा</u> पठाउनु पर्नेछ।

---

≥ पहिलो संशोधनद्वारा थप।

± छैटौं संशोधनद्वारा थप।

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

√ पहिलो संशोधनद्वारा संशोधित।

β छैटौं संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिम कार्य सम्पादनको स्तर मूल्याङ्कन गर्दा देहायका कुरालाई आधार लिइनेछः–

(क) निजले एक वर्षमा सम्पादन गरेको कामको समग्र विवरण,

(ख) भिसा जारी गर्दा प्राप्त गरेको दस्तुरको रकम र नेपाल सरकारलाई सो बापत प्राप्त भएको राजश्वको परिमाण,

(ग) यस नियमावली बमोजिम निजले पठाउनु पर्ने प्रतिवेदन,

(घ) नेपाल ≡.......... मा भ्रमण गर्ने पर्यटक प्रति निजले गरेको व्यवहार, र

(ङ) कन्सुलर क्षेत्रमा भ्रमण गर्ने नेपाली नागरिक प्रति निजले देखाएको व्यवहार।

(३) उपनियम (१) बमोजिम कार्य सम्पादनको स्तर मूल्याङ्कन गर्दा उत्कृष्ट देखिएको अनररी कन्सललाई नेपाल सरकारले उपयुक्त ठहराए बमोजिम सम्मान गर्न सक्नेछ र कार्य सम्पादनको स्तर सन्तोषजनक नदेखिएको अनररी कन्सललाई नेपाल सरकारले पुनर्नियुक्ति नगर्न सक्नेछ।

±(४) आफ्नो कार्यावधिमा उत्कृष्ट कार्यसम्पादन गर्ने अनररी कन्सललाई मन्त्रालयको स्वीकृतिमा राजदूतले प्रशंसापत्र दिन सक्नेछ।

## परिच्छेद-४

## नेपालमा मित्रराष्ट्रद्वारा अनररी कन्सलमा नियुक्ति

•१२. **मित्रराष्ट्रद्वारा अनररी कन्सल नियुक्तिः** (१) कुनै मित्रराष्ट्रले चाहेमा नेपालको कन्सुलर क्षेत्रमा अनररी कन्सल नियुक्त गर्न सक्नेछ।

(२) देहायको योग्यता भएको कुनै नेपाली नागरिकलाई कुनै मित्रराष्ट्रले उपपनियम (१) बमोजिम नेपालमा अनररी कन्सल नियुक्त गर्न चाहेमा स्वीकृतिको लागि मन्त्रालय समक्ष प्रस्ताव गर्न सक्नेछः-

⊛(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) सार्वजनिक जीवनमा ख्याति कमाएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

---

± छैटौं संशोधनद्वारा थप।

• तेस्रो संशोधनद्वारा संशोधित।

⊛ पाँचौ संशोधनद्वारा संशोधित।

(घ) œ..............

(ङ) बैंक तथा वित्तीय संस्थाहरुको ऋण नतिरे बापत कालो सूचीमा नपरेको,

(च) साहूको दामासाहीमा नपरेको,

(छ) œ.............

±(ज) अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको,

±(झ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाउने लाभको पद धारण नगरेको।

(३) उपनियम (२) बमोजिम प्रस्तावित व्यक्तिका सम्बन्धमा मन्त्रालयको नेपाल सरकारका सम्बन्धित निकायबाट सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) तथा बैंक तथा वित्तीय संस्थाहरुको ऋण नतिरे बापत कालो सूचीमा परे नपरेको सम्वन्धमा लिखित जानकारी माग गर्नेछ र त्यसरी माग गरिए बमोजिम सुरक्षा पास प्राप्त भएमा र कालो सूचीमा नपरेको पाइएमा मात्र मन्त्रालयले अनररी कन्सलमा नियुक्तिका लागि स्वीकृति दिनेछ।

(४) उपनियम (२) बमोजिम प्रस्तावित व्यक्तिको हकमा सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) प्राप्त नभएको वा कालो सूचीमा परेको जानकारी आएमा मन्त्रालयले अर्को कुनै योग्यता प्राप्त व्यक्तिलाई नियुक्तिको लागि प्रस्ताव गर्न सम्बन्धित मुलुकलाई अनुरोध गर्नेछ।

(५) उपनियम (३) बमोजिम सुरक्षा पास (सेक्युरिटी क्लियरेन्स) माग गर्नु पूर्व मन्त्रालयले प्रस्तावित व्यक्तिबाट कन्सुलर उन्मुक्ति तथा सुविधाको दुरुपयोग गर्ने सम्भावना छ, छैन सो सम्बन्धमा समेत विचार गर्नु पर्नेछ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मित्रराष्ट्रले कुनै नेपाली नागरिकलाई अनररी कन्सलमा नियुक्तिको लागि प्रस्ताव गर्दा व्यापार, व्यवसाय, पर्यटन लगानी तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहयोग पुर्याउन सक्ने उच्चस्तरीय भ्रमण गराउन प्रयास गर्न सक्ने, नेपाली नागरिकहरुलाई आवश्यकता अनुसार सम्बन्धित देशको भिसा प्राप्त गर्न सहजीकरण गर्न सक्ने र नेपाल तथा सम्बन्धित मित्रराष्ट्र बीचको

œ चौथो संशोधनद्वारा झिकिएको।

± छैटौं संशोधनद्वारा थप।

सम्बन्धलाई सुदृढ बनाउन आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन सक्ने व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

±(७) उपनियम (३) बमोजिम स्वीकृति दिँदा नेपाल र सम्बन्धित मित्रराष्ट्रबिचको द्विपक्षीय पर्यटन, वैदेशिक लगानी, व्यापार व्यवसाय तथा कन्सुलर हित प्रवर्धनको सम्भाव्यता, नेपालमा बसोबास गर्ने सम्बन्धित मित्रराष्ट्रका नागरिकको सङ्ख्या तथा नेपाल र सम्बन्धित मित्रराष्ट्रबिचको सम्बन्ध सुदृढ गर्ने सम्भावनालाई आधार लिनु पर्नेछ।

¥१३. **सुविधा, सहुलियत र उन्मुक्तिमा बन्देज**: (१) कुनै मित्रराष्ट्रले कुनै व्यक्तिलाई नेपालको कुनै कन्सुलर क्षेत्रका लागि अनररी कन्सल नियुक्त गरेमा त्यस्ता अनररी कन्सललाई प्रदान गरिने सुविधा, सहुलियत र उन्मुक्ति महासन्धिको अधीनमा रही पारस्पारिकताका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

±तर त्यस्तो सुविधा, सहुलियत र उन्मुक्ति अनररी कन्सलको परिवारका सदस्य वा निजको कार्यालयमा कार्यरत कर्मचारीलाई प्रदान गरिने छैन।

±(१क) अनररी कन्सलले आफूले प्रतिनिधित्व गरेको मित्रराष्ट्रसँग सम्बन्धित औपचारिक कार्यक्रममा भाग लिँदा मात्र निजले प्रयोग गर्ने सवारी साधनमा सम्बन्धित देशको झण्डाको प्रयोग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिएको सुविधा, सहुलियत वा उन्मुक्ति कुनै अनररी कन्सलले दुरुपयोग गरेको पाइएमा मन्त्रालयले त्यस्तो सुविधा, सहुलियत वा उन्मुक्ति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

(३) नियम १४ बमोजिमको पदावधि समाप्त भएपछि अनररी कन्सलको पुनर्नियुक्ति वा पदावधि थप नभएमा निजले पाएको सुविधा, सहुलियत र उन्मुक्ति स्वतः समाप्त हुनेछ।

¥१४. **स्वीकृतिपत्र**: (१) कुनै मित्रराष्ट्रले नेपालको कुनै क्षेत्रभित्र कन्सुलरको काम गर्ने गरी कुनै व्यक्तिलाई अनररी कन्सलको नियुक्तिपत्र जारी गरी स्वीकृतिका लागि लेखी पठाएमा मन्त्री वा निजले तोकेको मन्त्रालयको अधिकृतस्तरको कर्मचारीले नियुक्तिपत्रमा अवधि तोकिएको भए सोही अवधिसम्म र नतोकिएकोमा स्वीकृतिपत्र जारी गरेको मितिबाट तीन वर्षसम्म काम गर्न पाउने गरी त्यस्तो व्यक्तिलाई स्वीकृतिपत्र प्रदान गर्नेछ।

---

¥ चौथो संशोधनद्वारा संशोधित।

± छैटौं संशोधनद्वारा थप।

¥ चौथो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएको अनररी कन्सलको पदावधि थप गर्न वा पुनर्नियुक्तिको लागि सम्बन्धित मित्रराष्ट्रबाट औपचारिक पत्र प्राप्त भएमा मन्त्रालयले [β]त्यस्तो पत्रमा कार्यावधि तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा बढीमा चार वर्षको लागि पदावधि थप गर्न वा पुनर्नियुक्तिको लागि स्वीकृतिपत्र प्रदान गर्न सक्नेछ।

## परिच्छेद-५

## विविध

**१५. महासन्धि बमोजिम हुने**: अनररी कन्सलका सम्बन्धमा महासन्धि सम्पूर्ण रूपले अनुशरण गरिनेछ।

तर नेपाली नागरिक नेपाल [≡].......... को वाणिज्यक्षेत्रमा कुनै मित्रराष्ट्रद्वारा अनररी कन्सल नियुक्त भएमा त्यस्तो अनररी कन्सलको सुविधा र उन्मुक्तिको हकमा नियम १३ बमोजिम हुनेछ।

[≥]**१५क. परामर्श बैठक बोलाउन सक्ने**: (१) राजदूतले आफू नियुक्ति भएको मुलुक वा मुलुकहरुमा नियुक्त अनररी कन्सलहरुको परामर्श बैठक समय समयमा बोलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोलाइएको बैठकमा नेपाल [≡]........ र अनररी कन्सल नियुक्ति भएको कन्सुलर क्षेत्रबीच आर्थिक, व्यापारिक, वाणिज्य, सांस्कृतिक तथा विज्ञान तथा प्रविधि सम्बन्धी सम्बन्धको समीक्षा गर्नु पर्नेछ।

(३) राजदूतले उपनियम (२) बमोजिम भएको समीक्षाको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

---

β छैटौं संशोधनद्वारा संशोधित।

≡ दोस्रो संशोधनद्वारा झिकिएको।

≥ पहिलो संशोधनद्वारा थप।

१६. **खारेजी**: अवैतनिक वाणिज्यदूतहरूका सम्बन्धमा भईरहेको यसअघिका सबै निर्णयहरू खारेज गरिएका छन्।

---

द्रष्टव्य:- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

(२) अवैतनिक वाणिज्यदूत सम्बन्धी (चौथो संशोधन) नियमावली, २०७४ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"वाणिज्य क्षेत्र" को सट्टा "कन्सुलर क्षेत्र"।

(३) अवैतनिक वाणिज्यदूत सम्बन्धी (पाँचौ संशोधन) नियमावली, २०७५ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"स्वीकार गर्ने राज्य" भन्ने शब्दहरुको सट्टा "आतिथेय राज्य"।
पाँचौ संशोधनद्वारा देहाय बमोजिम बचाउ गरिएको:-
बचाउ: यो नियमावली प्रारम्भ हुनु अघि नियुक्ति भएका अवैतनिक वाणिज्यदूतले नियुक्ति हुँदाका बखत तोकिएको कार्यावधिसम्म काम गर्न बाधा पर्ने छैन।

(४) अवैतनिक वाणिज्यदूत सम्बन्धी (छैटौं संशोधन) नियमावली, २०८२ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
नियम १६ बाहेक नाम, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेका "अवैतनिक वाणिज्यदूत" र "वाणिज्यदूत" भन्ने शब्दहरूको सट्टा "अनररी कन्सल" भन्ने शब्दहरु राखी रूपान्तर गरिएको छ।